का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ असार २०८०,
शुक्रबार
23 June 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक १४८ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



सर्वोच्च अदालतले नागरिकता ऐन कार्यान्वयनका लागि बाटो खुला गरिदिएसँगै माइतीघरमा खुसी मनाउँदै नागरिकताविहीन नागरिकहरु।

# नागरिकता पाउने खुशी !

गत १७ जेठमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेको नागरिकता विधेयक कार्यान्वयनको बाटो खुलेपछि वर्षौंदेखि नागरिकताको मागमा संघर्षरत नागरिकले खुशीयाली मनाएका छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ७ असार ।

सर्वोच्च अदालतले नागरिकता ऐन-२०६३ संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गर्ने राष्ट्रपति रामचन्द्र पौडेलको निर्णय कार्यान्वयन गर्ने बाटो खुला गरिदिएको छ । गत १७ जेठमा राष्ट्रपति पौडेलले नागरिक विधेयक प्रमाणीकरण गरेका थिए ।

तर २१ जेठमा सर्वोच्चका न्हायाधीश डा.मनोजकुमार शर्माको एकल इजलासले अल्पकालीन अन्तरिम आदेश दिंदै प्रमाणीकरण भएको विधेयक तत्काल कार्यान्वयन नगर्न भनेको थियो। वरिष्ठ अभिवक्ता डा.सुरेन्द्र भण्डारी र बालकृष्ण न्यौपानेले दर्ता गराएको रिटमा अल्पकालीन अन्तरिम आदेश आएसँगै प्रमाणीकरण भएको विधेयक बमोजिम नागरिकता वितरण कार्य रोकिएको थियो ।

तर बिहीबार सर्वोच्च अदालतले अन्तरिम आदेशलाई निरन्तरता दिएन । न्यायाधीश डा.आनन्दमोहन भट्टराई र कुमार रेग्मीको संयुक्त इजलासले अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिन आवश्यक नरहेको आदेश दिएको हो । आदेशको विवरण सार्वजनिक हुन बाँकी रहेकाले किन अन्तरिम आदेशको निरन्तरता आवश्यक नरहेको भन्ने खुल्न बाँकी छ ।

तर अन्तरिम आदेशले निरन्तरता नपाएपछि नागरिकता वितरणको बाटो खुलेको छ । अब २१ जेठमा प्रकाशित राजपत्रका आधारमा नागरिकता वितरण हुनेछ । सर्वोच्चमा राष्ट्रपति पौडेलले संवैधानिक प्रक्रिया र संसदीय प्रणाली छलेर विधेयक प्रमाणीकरण गरेको भन्दै रिट दायर भएको थियो ।

विधेयक संघीय संसदबाट पारित गरेर राष्ट्रपतिबाट प्रमाणीकरण गराउनुपर्नेमा सरकारको सिफारिसको निर्णयका आधारमा राष्ट्रपति पौडेलले प्रमाणीकरण गरेको रिटकर्ताको दावी छ । तर सरकारले भने अघिल्लो संसदले दुईपटक पारित गरेको विधेयक राष्ट्रपति पौडेलले प्रमाणीकरण गरेकाले संवैधानिक प्रक्रिया पूरा भएको दावी गरेको छ ।

राष्ट्रपतिले प्रमाणीकरण गरेको र सर्वोच्चले अन्तरिम आदेशबाट कार्यान्वयनमा रोक लगाएको विधेयक अघिल्लो वर्ष साउनमै संघीय संसदबाट पारित भएको थियो । तर तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण नगरी २९ साउन २०७९ मा संसदमै फिर्ता गरेकी »» पृष्ठ २ मा

# ‘राष्ट्रवाद’को राजनीति

काठमाडौं महानगरपालिकाका मेयर शाहले भारतीय फिल्म चल्न नदिनका लागि सार्वभौमिकता र स्वाधीनता जस्ता शब्दको साहारा लिएका छन् । यसो भन्दै गर्दा उनले अदालतको आदेश मान्दिनँ भन्दा पर्ने असरको ख्याल गरेका छैनन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ७ असार ।

नेपालमा भारतलाई हेर्ने दृष्टिकोणलाई लिएर राष्ट्रवादको राजनीति चल्ने गरेको छ। भारतकै समर्थन जुटाउन समेत भारतीय विरोधका स्वर चर्काउने प्रवृतिदेखि सदावाहार रुपमा भारतसँग नजिक हुनुपर्ने मत राख्नेहरुका बीचमा नेपालमा राष्ट्रवाद चकिर्ने गरेका अनेक उदाहरण छन् ।

पछिल्लो समय भारतीय फिल्मलाइ लिएर ‘राष्ट्रवाद’को राजनीति चलेको छ । भारतीय चलचित्र आदिपुरुषमा रहेको ‘ जानकी भारतीय छोरी हुन्’ भन्ने आशयको संवाद नहटाएको भन्दै काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले गत सोमबारदेखि भारतीय चलचित्र प्रदर्शनमा रोक लगाएका थिए । बालेनको उक्त निर्णयविरुद्ध चलचित्र संघ अदालत गएको थियो ।



जहाँ सवाल देशको सार्वभौमिकता र स्वाधीनताको आउँछ म कुनै कानून र अदालतलाई मान्नेवाला छैन । फिल्म लेखकले नेपाल भारतको अधिनमा थियो भनिसकेपछि उनीहरुको नियत थाहा हुन्छ । यो कुरालाई नेपाल सरकारले स्टन्ट भन्नू र अदालतले फिल्म चल्न दिनु भनेको नेपाल भारतको अधिनमा थियो, अदालत र सरकार भारतको गुलाम भएको बुझिन्छ । यसको लागि जुनसुकै सजाय भोग्न तयार छु, तर फिल्म चल्दैन र चल्न दिइनेछैन ।

**बालेन शाह**
**मेयर, काठमाडौं महानगरपालिका**

हिन्दी फिल्म प्रदर्शनमा रोक लगाउने काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहको निर्णयमा सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ । बिहीबार न्यायाधीश धीरबहादुर चन्दको एकल इजलासले फिल्म नरोक्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो । चलचित्र संघले आफूहरू व्यवसाय गर्न पाउनुपर्ने माग गर्दै अदालतमा पुगेको थियो, माग अनुसार अदालतले आदेश जारी गरेको हो ।

तर, अदालतको आदेश नमान्ने घोषणा काठमाडौं महानगरपालिकाका मेयर शाहले गरेका छन् । देशको सार्वभौमिकता र स्वाधीनताको सवालमा आफूले कुनै कानून र अदालतलाई नमान्ने प्रतिक्रिया दिंदै उनले भारतीय फिल्म चल्न नदिनका लागि सार्वभौमिकता र स्वाधीनता जस्ता शब्दको साहारा »» पृष्ठ २ मा

**पार्टी स्थापनाको एक वर्ष**

# रास्वपाको राजनीतिक छलाङ



साँच्चिकै समाज अब परिवर्तनका लागि तयार नै भएको हो र त्यो तयार भएको कुरा मतपत्रबाट नै जाहेर गर्छ भन्ने कुराको एउटा स्पष्ट संकेत, हाम्रो भाषामा घन्टी बजिसकेको छ। पार्टी स्थापनाको एक वर्षको यात्रा अत्यन्त सौहार्दपूर्ण रह्यो। यसलाई अत्यन्त सकारात्मकरुपमा हेरेको जानकारी गराउँछु।

**रवि लामिछाने**
**सभापति, रास्वपा**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ असार ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पार्टी स्थापनाको वर्षगाँठ मनाएको छ । त्यस अवसरमा रास्वपाले केन्द्रिय कार्यालय बालाजुमा चियापान कार्यक्रम आयोजना गर्‍यो। जहाँ सभामुख देवराज घिमिरे, उपसभामुख इन्दिरा राना मगर, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराई, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, एमाले उपाध्यक्ष विष्णु पौडेल, कांग्रेस प्रमुख सचेतक रमेश लेखक लगायत नेताहरु सहभागी भए ।

चियापानमा पत्रकारहरुसित कुरा गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले पार्टीको एक वर्षको यात्रा अत्यन्त सौहार्दपूर्ण रहेको बताए। नेपाली समाज परिवर्तनका लागि तयार भएको आफूहरुले पाएको उनको भनाइ छ। पार्टी शुरुवात गर्दा नागरिकले आफूहरुलाई विश्वास गरेको तर उक्त विश्वास मतपत्रमा देखिन्छ वा देखिदैन भन्ने आशंका त्यसबेला रहेको पनि उनले बताए ।

‘तर साँच्चिकै समाज अब परिवर्तनका लागि तयार नै भएको हो र त्यो तयार भएको कुरा »» पृष्ठ २ मा

# किनारामा बाबुराम



२०७२ सालमा संविधान जारी भएपछि उनी बिल्कुलै फरक, नयाँ र वैकल्पिक राजनीतिक दल निर्माण गर्ने उद्देश्यसहित नयाँ शक्तिको निर्माणमा लागेका थिए। ३५ वर्षको कम्युनिष्ट राजनीतिबाट एकाएक ‘नयाँ कोर्स’ शुरु गरेका भट्टराई २०८० सालसम्म नयाँ शक्ति निर्माणको आफ्नै अभियानमा भने सफल हुन सकेनन्।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ७ असार ।

विचार मिल्ने शक्तिहरुबीच समाजवादी मोर्चा बनाउने सहमति भएको भनी भट्टराईले सार्वजनिक अभिव्यक्ति दिएका थिए । संसदीय व्यवस्था नै अस्वीकार गरेका विप्लव सीको मोर्चामा सहभागिता हुँदा हुँदा बाबुराम भट्टराई भने छुटेका हुन् ।

समाजवादी मोर्चाबाट छुटेपछि डा. बाबुरामले ट्वीट गर्दै आफू किनारामा परेको/पारिएको आफैंले स्वीकार गरेका छन् ।

उनले चार बुँदा लेखेर आफू कहिले कहिले किनारामा परेँ भनी आफैंले सार्वजनिक गरेका छन् । ‘पहिलो, नयाँ शक्ति स्थापना हुँदा निर्वाचन चिन्ह नै नदिनु दोश्रो, अरूलाई २०५ मात्र केन्द्रीय सदस्य र सांसद भए पनि पार्टीको मान्यता दिलाउनु तर हामीसंग ४०५ भन्दा बढी के.स. र सांसद हुँदा ऐन नै मुर्छा पारेर पार्टीको मान्यता नदिनु । तेश्रो, दुइ बर्ष अघिदेखि समाजवादी केन्द्रर मोर्चाको अवधारणा ल्याउने हामीलाई जानकारीसम्म नदिई मोर्चा घोषणा गर्नु। उनले अगाडि लेखेका छन्, ‘के यो सबै आकस्मिकता हो ? कृष्णलाई देवकीकै गर्भमा हुँदादेखि सिध्याउन खोज्दा कृष्ण सिद्धिए ? विचार कसैले मार्न खोज्दैमा मर्छ र ?’ अर्थात, आफ्नो अभियान निरन्तर रहने उनको भनाइ छ ।

२०७२ सालमा संविधान जारी भएपछि उनी विल्कुलै फरक, नयाँ र वैकल्पिक राजनीतिक दल निर्माण गर्ने उद्देश्यसहित नयाँ शक्तिको निर्माणमा लागेका थिए । ३५ वर्षको कम्युनिस्ट राजनीतिबाट एकाएक ‘नयाँ कोर्स’ शुरु गरेका भट्टराई २०८० सालसम्म नयाँ शक्ति निर्माणको आफ्नै अभियानमा भने कामयावी हुन सकेनन् ।

तत्कालीन माओवादीमा प्रचण्ड र बाबुराम समान हैसियतमा थिए। नेतृत्व प्रचण्डले गरे पनि बैचारिक धार र अन्तराष्ट्रिय मञ्चमा बाबुरामको प्रभुत्व थियो । माओवादी छाडेपछि एक्लै भएका बाबुराम गत चुनावमा प्रचण्ड नेतृत्वको पार्टीसँग संयुक्त चुनाव लडे । समाजवादी मोर्चा बन्दा बाबुराम फेरि किनारामा पुगेका छन् ।

पछिल्लो समय नेपाल समाजवादी पार्टीका अध्यक्ष भट्टराईले विचार मिल्ने शक्तिहरुबीच समाजवादी मोर्चा बनाउने सहमति भएको सार्वजनिक नै गरेका थिए । जसपाका अध्यक्ष उपेन्द्र »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# बेलायतसँगको श्रम समझदारीको परीक्षण शुरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ असार

इजरायल र जापानसँग भएका द्विपक्षीय श्रम सम्झौताले अपेक्षित परिणाम दिन नसकेको अवस्थामा बेलायतसँग गरिएको श्रम समझदारीको पनि परीक्षण शुरू भएको छ । गत भदौमा नेपाल र बेलायतबीच नेपाली नर्सलगायत स्वास्थ्यकर्मी जनशक्ति बेलायत लैजाने विषयमा समझदारी भएको थियो । त्यसको दश महिनापछि मात्रै मन्त्रिपरिषद्ले नेपाल-बेलायत द्विपक्षीय समझदारीको कार्ययोजना स्वीकार गरेको छ ।

नेपालका लागि बेलायती राजदूत निकोला पोलिटले कार्यकाल समाप्त गरी स्वदेश फर्किने अवस्थामा नेपालबाट स्वास्थ्यकर्मी जनशक्ति पठाउने विषयमा प्रगति नभएको गुनासो गरेपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले कार्ययोजना स्वीकृति मन्त्रिपरिषद्मा लगेका हुन् । शुरूवातमा बेलायतले कम्तीमा एक हजार नेपाली नर्स लैजाने बताएको छ । मन्त्रिपरिषद्ले कार्ययोजना पारित गरेपछि कतिपयले नेपालबाट खाडी र मलेसियाजस्ता परम्परागत गन्तव्यमा जसरी सहजै नेपाली जनशक्ति जान पाउने बताएका छन् । तर त्यससम्बन्धमा ठोस गृहकार्य नभएका कारणले नेपाली नर्सहरू कहिले र कसरी जाने स्पष्ट हुन बाँकी रहेको बताइएको छ ।

समझदारीअनुसार नेपालको वैदेशिक रोजगार विभाग तथा बेलायतको डिपार्टमेन्ट अफ हेल्थ एण्ड सोसियल केयर वा तोकिएको निकायको प्रत्यक्ष संलग्नतामा सरकारी प्रक्रियाबमोजिम नेपाली स्वास्थ्यकर्मीको छनोट र »» पृष्ठ २ मा

## लाओसमा पुऱ्याइ अवैध धन्दामा लगाउने दुई पक्राउ

**काठमाडौं/रासस-** चिनियाँ नागरिकसँगको मिलेमतोमा नेपालको एउटा समूहले नेपालीलाई लाओसमा पुऱ्याइ बन्धक बनाएर जबरजस्ती अनलाइन स्क्यामिङमार्फत क्रिप्टोकरेन्सी तथा शेयर कारोबारमा संलग्न गराएको पाइएको छ। उनीहरूले दुई जना नेपालीलाई गत मंसिरमा काठमाडौंबाट कोलकात्ता, थाइल्याण्ड हुँदै लाओसको बोया प्रोभिन्सस्थित गोल्डेन ट्रियाङगलमा रहेको स्पेशल इकोनमिक जोनमा पुऱ्याइ बन्धक बनाएर अनलाइन लभ स्क्यामिङ ट्रयापमा पारी जबरजस्ती क्रिप्टो कारोबारमा संलग्न गराएको पाइएको प्रहरीको »» पृष्ठ २ मा

**Free Visa! Free Ticket!! Zero Cost!!!**
**कतारमा महिलाहरूलाई रोजगारको अवसर**

कम्पनी: AL JAWHARA SALOON शहर: QATAR, DOHA पुन: विज्ञापन

पूर्व स्वीकृत मिति: २०८०/०२/१४ | चलानी नं.: ६०२०२०८१ | LT. No.: 286676

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | | QR | ने. रु. | | | | | | | |
| 1. | Hair Beautican | 0 | 12 | स. काममा दक्ष | 1700 | ६१,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार १७ गते (2 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Lic. No. 1353/074/075

DIAMOND STAR OVERSEAS PVT. LTD.
Buddhanagar-10, Kathmandu, Nepal.
Phone : 01-4796680 | 9818429557 | 9809402086

मध्यान्ह
www.madhyanhadaily.com
८ असार २०८०, शुक्रबार
23 June 2023, Friday

# प्रेम चलाउनेको पक्षमा सर्वोच्चको अन्तरिम आदेश

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ असार

सर्वोच्च अदालतले त्रिभुवन विश्वविद्यालयका उप-प्राध्यापक प्रेम चलाउनेको पक्षमा अन्तरिम आदेश दिएको छ । आफूविरुद्ध आक्रमण गर्ने व्यक्ति उपरको मुद्दा फिर्ता लिने सरकारको निर्णयविरुद्ध उनी बुधबार न्याय खोज्दै सर्वोच्च अदालत पुगेका थिए ।



न्यायाधीश मनोजकुमार शर्माको इजलासबाट बिहीबार चलाउनेको पक्षमा अन्तरिम आदेश जारी भएको हो ।

सत्तारुढ नेपाली कांग्रेसको भ्रातृसंगठन नेविसंघका कार्यकर्ताहरुले चलाउनेलाई २०७७ असोज २० गते आक्रमण गरेर गम्भीर घाइते बनाएका थिए । त्रिवि नेविसंघ इकाइ कमिटी अध्यक्ष हरि आचार्यको समूहले चलाउनेलाई गम्भीर घाइते हुनेगरी कुटपिट गरेको थियो । त्यसपछि आचार्यसहित ५ जनाविरुद्ध जिल्ला अदालत काठमाडौंमा मुद्दा चलिरहेको थियो । मुद्दाको अन्तिम सुनुवाइका लागि मंगलबार पेशी तोकिएको थियो तर सरकारले गएको आइतबार मुद्दा फिर्ता लिएको थियो ।

सरकारको निर्णयविरुद्ध चलाउनेले यसअघि नै काठमाडौं जिल्ला अदालत परिसरभित्र आमरण अनशन बस्ने चेतावनी दिएका थिए । मंगलबार अदालतमा अनशन बस्न जाँदा उनलाई प्रहरीले पक्राउ गरेको थियो ।

बुधबार उनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, महान्यायधिवक्ताको कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय, जिल्ला अदालत काठमाडौं र कानून न्याय तथा संसदीय मामिला मन्त्रालय समेतलाई विपक्षी बनाइ रिट दायर गरेका थिए । रिटमा नेविसंघ त्रिवि इकाइ अध्यक्ष हरि आचार्यसहित योगेन्द्र बहादुर रावल, रुपेश शाह, रविन कुमार लामा, सयुज श्रेष्ठ र दीपकराज ओझालाई प्रतिवादी बनाइएको छ ।

# भन्सार दस्तुरमा पुनर्विचार गर्न सांसद कलवारको माग

**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, ७ असार



लुम्बिनी प्रदेश सभा सदस्य बैजनाथ कलवारले एक सय रुपैयाँभन्दा बढी मूल्य पर्ने सामानमा अनिवार्य गरिएको भन्सार दुस्तुरका विषयमा प्रधानमन्त्री र अर्थमन्त्रीको ध्यानाकर्षण गराएका छन् । सीमा क्षेत्रमा बस्ने नागरिकहरुलाई भन्सार दस्तुरले समस्या पर्ने र केन्द्रमा बसेर नीति निर्माण गर्ने तहले हचुवाको भरमा भन्सार दस्तुर अनिवार्य गर्नु व्यवहारिक नभएको भन्दै सांसद कलवारले ज्ञापनपत्रमार्फत प्रधानमन्त्री र अर्थमन्त्रीको ध्यानाकर्षण गराएका हुन् ।

सांसद कलवारले आम्दानीको मुख्य स्रोत राजस्व संकलन भएपनि सरकारले गरेको यो निर्णय व्यवहारिक नभएको बताए । उनले भारत र नेपालमा सदियौंदेखिको रोटी-बेटीको सम्बन्ध, सांस्कृतिक र धार्मिक सम्बन्धलाई ध्यानमा राखेर भन्सार दस्तुरमा पुनर्विचार गर्न माग गर्दै नवलपरासीका प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री र अर्थमन्त्रीलाई ज्ञापनपत्र बुझाएका हुन् ।

'एक सय-दुई सय रुपैयाँ बचत गरी बालबच्चाको पढाई र अन्य खर्च व्यवस्थापनको सोच बनाए भारतीय बजारमा जाने ती गरिब र विपन्न वर्गको समस्यालाई मध्यनजर गर्दै उक्त सामग्रीमा लगाइएको भन्सार दस्तुरलाई पुनर्विचार गर्न सरकारको ध्यानआकर्षण गराउन चाहान्छु । दुई-तीन केजी चिनी, एक-दुई केजी दाल, साबुन, मरमसलालगायतका दैनिक उपभोग्य सामग्री भारतीय बजारमा पुगेर ल्याउँदा भन्सार दस्तुर लिनु व्यवहारिक रुपमा पनि त्यति सान्दर्भिक देखिएको छैन,' ज्ञापनपत्रमा भनिएको छ ।

अर्थमन्त्री प्रकाशशरण महतले आ.व. २०८०/०८१ को बजेट भाषणमा एक सय रुपैयाँभन्दा बढी मूल्य पर्ने सामानमा अनिवार्य भन्सार दस्तुर लाग्ने घोषणा गरेसँगै सीमा नाकामा कडाइ गरिएको छ । नेपालमा एक सय रूपैयाँभन्दा बढी मूल्यका कुनै पनि सामान आयात गर्दा अनिवार्य भन्सार महसुल तिर्नुपर्ने कानूनी प्रावधान रहेको छ । तर त्यसलाई व्यवहारिक पक्ष भन्दै छुट दिने गरिएको थियो ।

### भन्सार नाका सहज बनाउन माग

मधेशवादी दलहरूले भन्सार नाकालाई सहज बनाउन सरकारसँग माग गरेका छन् ।

यहि असार ४ गतेदेखि पश्चिम नवलपरासीको महेशपुर भन्सार कार्यालय र विभिन्न ठाउँमा रहेका छोटी भन्सार कार्यालयहरुलाई भारतबाट ल्याइने एक सय रुपैयाँ भन्दा माथिका सामानमा भन्सार लिने निर्देशन दिइएको थियो ।

मधेशवादी दलहरुले तल्लो स्तरका गरिब, निमुखा जनताहरुलाई प्रत्यक्ष प्रभाव पार्ने भन्दै तत्काल भन्सार नाका सहज बनाउन माग गरेका छन् ।

सरकारले देशमा भइरहेको भ्रष्टाचार, आर्थिक अनियमितता कर छली र तस्करहरुलाई नियन्त्रण नगर्नुको सट्टामा गरिब, निमुखा जनताहरुको जीवनयापनप्रति उदासिन रहेर यस प्रकारको निर्देशनले सरकार मधेशका जनताप्रति विभेद गरेको आरोप लगाएका छन् ।

दलहरुले यस प्रकारको निर्देशन सरकारले फिर्ता नलिए सशक्त रुपले आन्दोलन गर्न बाध्य हुने चेतावनी समेत दिएको छ ।

जसपा नवलपरासीका अध्यक्ष धरेन्द्र यादव, जनमत पार्टीका केन्द्रीय सदस्य बालगोबिन्द चौधरी, लोसपा नवलपरासीका अध्यक्ष मुकुर जी गिरी, नागरिक जनमुक्ति पार्टी नवलपरासीका अध्यक्ष ओम प्रकाश चौधरी र जनता प्रगतिशिल पार्टी नवलपरासीका अध्यक्ष राधेरमण पाण्डेले संयुक्त रुपमा विज्ञप्ति जारी गर्दै प्रमुख जिल्ला अधिकारीमार्फत अर्थ मन्त्रालय सिहंदरवार काठमाडौं, मुख्यमन्त्रीको कार्यालय लुम्बिनी प्रदेश सरकार, महेशपुर भन्सार कार्यालय पश्चिम नवलपरासीलाई बोधार्थ बुझाएका छन् ।

# सर्लाहीमा सुरक्षित आप्रवासन परियोजना प्रभावकारी

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ७ असार

वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र लाभदायक बनाउने उद्देश्यका साथ सञ्चालित सुरक्षित आप्रवासन परियोजना (सामी) सर्लाहीमा प्रभावकारी बन्दै गएको छ ।



जिल्लाका चार स्थानीय तहको नेतृत्वमा परियोजना सञ्चालन भएपछि वैदेशिक रोजगारीमा गएका र जाने तयारीमा रहेका व्यक्ति तथा परिवारका सदस्य यसबाट लाभान्वित भएका छन् । परियोजनाका कारण लक्षित वर्गले सही सूचना पाउन थालेका छन् भने कामदार तथा परिवारको आर्थिक सामाजिक सुदृढीकरण एवम् सीप र उद्यमशीलतामा पहुँच बढेको परियोजनाका जिल्ला सामाजिक परिचालक राजनारायण सिंहले जानकारी दिए ।

सुरक्षित आप्रवासन परियोजना (सामी) नेपाल सरकार र स्वीस सरकारबीच भएको द्विपक्षीय सम्झौताअनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारको नेतृत्वमा सञ्चालित छ ।

तेस्रो चरणमा सञ्चालन भइरहेको यो परियोजना सर्लाहीको मलंगवा, बरहथवा र हरिवन नगरपालिका तथा चन्द्रनगर गाउँपालिका गरी चार स्थानीय तहमा विस्तार गरिएको छ । परियोजनाअन्तर्गत जिल्ला प्रशासन कार्यालय मलंगवा नजिकै आप्रवासी स्रोत केन्द्र र इलाका प्रशासन कार्यालय हरिवन नजिकै आप्रवासी उपस्रोत केन्द्र सञ्चालनमा रहेको छ ।

परियोजनाले विशेषगरी राहदानी बनाउन आउने व्यक्तिलाई सकेसम्म वैदेशिक रोजगारीमा नजान र जानै परे सीप सिकेर मात्र जान प्रेरित गर्दै आवश्यक सूचना, परामर्श र सीप दिँदै आएको सामाजिक परिचालक सिंहले बताए ।

'परियोजना सञ्चालनपछि अहिलेसम्म ८ हजार ८ सय ६४ जनालाई हामीले सूचना र परामर्श सेवा दिएका छौं, विदेशबाट फर्केर आएका १६ स्वयंसेवक परिचालन गरेर व्यक्तिगत तथा समूह भेटघाट एवम् परिवारका सदस्यसँगसमेत भेटघाट गरी सूचना तथा परामर्श प्रदान गरिएको छ,' उनले भने ।

सही सूचनाको अभावमा खाडी मुलुकमा जोखिमपूर्ण काम, न्यून तलबलगायत समस्या भोग्नुपरेको स्थितिलाई मध्यनजर गर्दै परियोजनाले सही सूचना दिने र सूचनामा पहुँच वृद्धि गर्ने कार्यमा सघाउ पुऱ्याइरहेको छ । 'म्यानपावर र एजेन्टको मात्र विश्वास गर्दा देश बाहिर र भित्र पनि वैदेशिक रोजगारीका नाममा ठगी, शोषणमा पर्ने समस्या बढिरहेको सन्दर्भमा परियोजना सञ्चालनपछि सही सूचना लिएर मात्र वैदेशिक रोजगारीमा जानेक्रम बढेको छ,' उनले भने ।

सामाजिक परिचालक सिंहका अनुसार परियोजनाले वैदेशिक रोजगारीसँग सम्बन्धित ३ सय २७ जनाको मुद्दामा सहजीकरण गरेको छ । त्यसमध्ये ८९ जनाको मुद्दा समाधान भएका छन् भने सहजीकरणबाट कामदार र परिवारले १ करोड ७६ लाख ५७ हजार ९ सय रुपैयाँ आर्थिक सहायता तथा क्षतिपूर्ति प्राप्त गर्न सफल भएका छन् । वैदेशिक रोजगारीका कारण तनावमा रहेका परिवारका ९९ व्यक्तिलाई व्यक्तिगत मनोसामाजिक सेवा प्रदान गरिएको जनाइएको छ ।

विदेशबाट आउने रकम अनुत्पादक क्षेत्रमा खर्च भइरहेका सन्दर्भलाई मध्यनजर गर्दै उक्त रकमलाई सही सदुपयोग र उत्पादनमूलक क्षेत्रमा लगानीका लागि प्रेरित गर्न परियोजनाले विप्रेषण प्राप्त गर्ने परिवारका सदस्यका लागि १६ स्थानमा समूह गठन गरी वित्तीय साक्षरता कक्षा पनि सञ्चालन गरिरहेको छ ।

सुरक्षित वैदेशिक रोजगारका बारेमा जनचेतनाको कमी, गन्तव्य मुलुकमा गर्नुपर्ने कामको उचित सीप नहुनु, ठगी तथा अलपत्र पर्नु, कानूनी सहायताका लागि आवश्यक प्रमाण नहुनु, गनतव्य मुलुकको हावापानी, रहनसहन र संस्कृतिबारे ज्ञान नहुनु, भारतको बाटो हुँदै वैदेशिक रोजगारमा जाने प्रवृत्तिलगायत कारणले वैदेशिक रोजगारको क्षेत्र चुनौतीपूर्ण छ ।

परियोजनाले वैदेशिक रोजगारीका क्रममा हुनसक्ने ठगी तथा शोषणबाट बचाउन सही सूचना दिने, अदक्ष कामदारलाई सीप लिन प्रेरित गर्ने र सीप लिन चाहनेलाई एक महीनाको निःशुल्क सीप तालीम प्रदान गर्ने, गन्तव्य मुलुकमा हुने शोषणविरुद्ध निःशुल्क कानूनी सहायता प्रदान गर्ने, मनोसामाजिक परामर्श सेवा दिने, वित्तीय साक्षरता प्रदान गर्नेलगायत सेवा प्रवाह गर्दै आएको सामी हेल्भेटास नेपाल मधेस प्रदेशका कार्यक्रम प्रबन्धक विजय ठाकुरले जानकारी दिए ।

सरकारी तथ्यांकअनुसार नेपालबाट दैनिक १ हजार २ सय सम्म युवा वैदेशिक रोजगारीमा जाने गरेका छन् । यसरी जानेमा अधिकांश निम्न मध्यम वर्गका २० देखि ४४ वर्ष उमेर समूहका र विद्यालय तहको मात्र शैक्षिक योग्यता भएका महिला पुरुष छन् । नेपालमा हालसम्म ५३ लाख बढीले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएको तथ्यांक छ ।

# चार लाख बढीको छात्रवृत्ति वितरण



**सुमन महतार/मध्यान्ह**
गुल्मी, ७ असार

गुल्मीको इस्मा गाउँपालिकाले चार लाख रुपैयाँ बढीको छात्रवृत्ति वितरण गरेको छ । जिल्लाभित्रका क्याम्पसमा अध्ययन गर्ने ६० जना विद्यार्थी र प्राविधिक अध्ययन गर्ने २ जना गरी ६२ जना विद्यार्थीलाई चार लाख ११ हजार रुपैयाँ हस्तान्तरण गरिएको हो । बिहीबार एक कार्यक्रमकाबीच गाउँपालिकाका अध्यक्ष भगत सिंह खड्काले उक्त छात्रवृत्ति रकम हस्तान्तरण गरेका थिए ।

गाउँपालिकाले जिल्ला भित्रका क्याम्पसमा स्नातकोत्तर अध्ययन गर्नेलाई सात हजार, स्नातक अध्ययन गर्नेलाई ६ हजार र प्राविधिक पढ्ने विद्यार्थीलाई पच्चीस/पच्चीस हजार रुपैयाँ उपलब्ध गराएको छ । गाउँपालिकाले स्नातकोत्तर अध्ययन गर्ने एक जना, स्नातक अध्ययन गर्ने ५९ जना र प्राविधिक पढ्ने दुई जनालाई गरी ४ लाख ११ हजार रुपैयाँ बराबरको छात्रवृत्ति उपलब्ध गराएको गाउँपालिका शिक्षा शाखा प्रमुख लाल बहादुर कुवँरले बताए ।

उनले प्राविधिक पढ्ने धेरै विद्यार्थीले आवेदन दिएपनि परीक्षा नै गरेर दुई जनालाई छात्रवृत्ति उपलब्ध गराइएको बताए । यस्तै स्नातक र स्नातकोत्तर पढ्ने निवेदन दिएका सबै विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराइएको छ । त्यस्तै छात्रवृत्ति वितरण कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष खड्काले विद्यार्थीहरु इस्माको भविष्य र आश भएकाले गाउँपालिकाले निर्माण गर्ने बजेट, काम गर्ने तरिका र हरेक ठाउँमा सुझाव सल्लाह दिन आग्रह गरे । उनले विद्यार्थीको हकहितका लागि गाउँपालिका सधैं सकारात्मक रहेको बताए ।

## नागरिकता...

थिइन् । संशोधन गर्नुपर्ने १५ बुँदेसहित फिर्ता गरेको विधेयक फेरि संसदले २० भदौ २०७९ मा जस्ताको तस्तै राष्ट्रपति कार्यालयमा प्रमाणीकरण गर्न सिफारिस गरेको थियो ।

तर तत्कालीन राष्ट्रपति भण्डारीले संवैधानिक प्रक्रिया बिपरीत १५ दिनभित्र प्रमाणीकरण गरिनन् । संघीय संसद अन्त्य भएर मंसिरमा चुनाव भएपछि गत २५ फागुनमा नयाँ राष्ट्रपति बनेका पौडेलले भने त्यही विधेयक प्रमाणीकरण गरेका थिए ।

प्रमाणीकरण भएर सर्वोच्चले कार्यान्वयन गर्ने बाटो समेत खुलेको विधेयकमा जन्मसिद्ध बाबुआमाका सन्तानले वंशजको नागरिकता पाउनेछन् । २०७२ को संविधान बनेपछि वंशजका सन्तानले नागरिकता पाउन सकेका छैनन् । विधेयकमा आमाको नामबाट नागरिकता दिने व्यवस्था पनि छ । बाबुको पहिचान नभएको सन्तानलाई आमाले वंशजको नागरिकता दिन सक्नेछन् । प्रमाणीकरण भएको ऐनले गैरआवासीय नेपालीलाई राजनीतिक-प्रशासनिक बाहेकका अधिकार पाउनेगरी नागरिकता दिइने बाटो पनि खुलेको छ ।

## राष्ट्रवाद"को...

दिएका छन् । उनले फेसबुकमा लेखेका छन्, 'जहाँ सवाल देशको सार्वभौमिकता र स्वाधीनताको आउँछ म कुनै कानुन र अदालतलाई मान्नेवाला छैन् ।'

फिल्म आदिपुरुषका लेखकले नेपाल भारतको अधिनमा थियो भनि सकेपछि उनीहरुको नियत प्रष्ट हुने शाहको भनाइ छ । 'फिल्म लेखकले नेपाल भारतको अधिनमा थियो भनि सकेपछि उनीहरुको नियत थाहा हुन्छ । यो कुरालाई नेपाल सरकारले स्टन्ट भन्नु र अदालतले फिल्म चल्न दिनु भनेको नेपाल भारतको अधिनमा थियो, अदालत र सरकार भारतको गुलाम भएको बुझिन्छ' उनले भनेका छन् । यसको लागि आफू जुनसुकै सजाय भोग्न तयार रहेको उल्लेख गर्दै बालेनले लेखेका छन्, 'फिल्म चल्दैन र चल्न दिइनेछैन ।'

## रास्वपाको...

मतपत्रबाट नै जाहेर गर्छ भन्ने कुराको एउटा स्पष्ट संकेत, हाम्रो भाषामा घन्टी बजि नै सकेको छ' लामिछानेले भने, 'यो एक वर्षको यात्रा अत्यन्त सौहार्दपूर्ण रह्यो । यसलाई अत्यन्त सकारात्मक रुपमा हेरेको जानकारी गराउँछु ।' सभापति लामिछानेले काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह र धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङ रास्वपामा आए असाध्यै राम्रो हुने पनि बताए । आफ्नो सम्बन्ध दुवै जनासँग सौहार्दपूर्ण रहेको उल्लेख गर्दै दुवैको कामको प्रशंसा आफूले गरिरहेको बताए । अर्थात रास्वपा २०८४ को चुनावबाट अर्को राजनीतिक छलाङ मार्ने संकल्प गरिरहेको छ । त्यसका लागि काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह र धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङ रास्वपामा ल्याउने प्रयास चलिरहेको छ ।

गतवर्ष असार ७ गते निर्माण भएको राष्ट्रिय स्वतन्त्र पार्टीले एक वर्षमा उल्लेख्य उपलब्धी हासिल गरेको छ । गत मंसिरको आम निर्वाचन र बैशाख १० को उपनिर्वाचनबाट संसदमा रास्वपाको २१ सीटको उपस्थिति छ । गत निर्वाचनमा समानुपातिकबाट प्राप्त ११ लाख मतलाई अर्के निर्वाचनमा बढोत्तरी गर्ने र बहुमत प्राप्त गर्ने अभियान रास्वपाले सुरु गरिसकेको छ । रास्वपाले २१ सीटको आकार लिएको छ । यो एक वर्षमा हासिल गरेको उपलब्धीबाट पार्टीपंक्ति निक्कै उत्साहित छ । गत निर्वाचनमा समानुपातिकतर्फ ११ लाख मत कटाएको राष्ट्रिय स्वतन्त्र पार्टीलाई उक्त मतको रक्षा गर्दै आगामी निर्वाचनमा पहिलो दल बन्ने सम्भावना र चुनौती दुबै छ । जसका लागि रास्वपाले आक्रामक रुपमा संगठन विस्तार सुरु गरिसकेको छ ।

स्थापनाको एक वर्ष नपुग्दै राष्ट्रिय स्वतन्त्र पाटीले ७४ जिल्लामा संगठन विस्तार गरेको छ । डोल्पा, हुम्ला र पश्चिम रुकुममा मात्र संगठन विस्तार हुन बाँकी छ । रास्वपाले प्रवासमा पनि संगठन विस्तार गरिरहेको छ । उसले अनलाइन र अफलाइन दुवै माध्यमबाट सदस्यता खुला गरेको छ । अब हुने आम निर्वाचनलाई लक्षित गरी रास्वपाले मिसन २०८४ अभियान चलाएर सदस्यता विस्तार, संगठन निर्माण र प्रशिक्षणमा ध्यान दिने जनाएको छ । पार्टी स्थापना दिवसमा साँझ ७ बजे सातै प्रदेशका ७७ वटै जिल्लामा ७७ पटक घन्टी बजाएर अको राजनीतिक छलाङको संकेत रास्वपाले गरेको छ । एक वर्षे समिक्षामा रास्वपाको नेतृत्वदेखि समर्थक पंक्तिको उत्साह गणना नै गर्न नसकिने छ । तर यदाकदा पार्टीभित्र आन्तरिक असन्तुष्टी र विभाजनको घण्टी पनि बजिरहेको छ । यसलाई मत्थर पार्दै आगामी निर्वाचनमा बलियो बन्न पार्टी पंक्तीले सामुहिक निर्णय प्रक्रिया मार्फत सबै पक्षलाई सन्तुष्ट बनाएर जानुपर्ने छ ।

## किनारामा...

यादवसँगको टसलका कारण भट्टराई मोर्चामा सहभागी नहुने चर्चा चलेपछि भट्टराईले समाजिक सञ्जालमा स्टाटस लेख्दै बाहिर चलेको हल्लामा नबग्न आग्रह गरेका थिए । फेरि पनि उनी समाजवादी मोर्चामा हटाउन सकेनन् वा अटाइएनन् । समाजवादी मोर्चामा नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी, नेपाल समाजवादी पाटी, नेकपा विप्लवका साथै नेकपा एकता अभियान चलाएका पूर्व एमाले नेता बामदेव गौतमसमेत सहभागी हुने भनी प्रधानमन्त्री समेत रहेका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नै बताएका थिए ।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले एक वर्षअघि नै माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी र बाबुरामसँग एकता गर्न चाहेका थिए । नेता नेपालको संगठन देशभर विस्तार नभइसकेकाले उनी एकता लागि तयार भएनन् भने भट्टराईले कम्युनिस्ट पार्टी नराखी समाजवादी केन्द्र बनाउन सकिने बताएका थिए । पार्टी एकताका लागि भएको सोही प्रस्ताव अनुसार नै बाबुरामले माओवादी केन्द्रकै चिन्ह लिएर गएको चुनावमा संघ र प्रदेशको चुनावमा भाग लिएका थिए ।

वर्तमान सरकार संकटमा पर्दै गएपछि मोर्चा घोषणा गर्न प्रचण्ड आतुर थिए । तर बाबुरामसहितको मोर्चामा बस्न उपेन्द्र तयार भएनन् । सत्तामा आफूलाई बलियो बनाउन चाहेका प्रचण्डले १२ सिट रहेको उपेन्द्रलाई अलग राख्न चाहेनन् । त्यसैले बाबुरामलाई छाडेरै समाजवादी मोर्चा घोषणा भएको छ । तर संविधानको रक्षा र कार्यान्वयनका लागि भन्दै घोषणा गरिएको मोर्चामा संसदीय व्यवस्था नै अस्वीकार गर्दै आएका विप्लव सीको प्रवेश हुँदा डा. बाबुराम छुटाइएका हुन् । छुटेको नभएर आफूलाइ किनारमा पारिएको डा.भट्टराई बताउँछन् । दुइ बर्ष अघिदेखि समाजवादी केन्द्रर मोर्चाको अवधारणा ल्याउने आफूलाई जानकारीसम्म नदिई मोर्चा घोषणा गरिएको उल्लेख गर्दै उनले ट्वीट गरेका छन्, 'कृष्णलाई देवकीकै गर्भमा हुँदादेखि सिध्याउन खोज्दा कृष्ण सिद्धिए ? विचार कसैले मार्न खोज्दैमा मर्छ र ?'

## बेलायतसँगको...

पदस्थापन हुने बताइएको छ । बेलायत जाने नेपाली नर्स तथा अन्य स्वास्थ्यकर्मीलाई बेलायतको स्वास्थ्य सेवा एनएचएसमा सुरक्षित, मर्यादित र व्यवस्थित तवरले रोजगारीमा संलग्न गराउने समझदारीमा उल्लेख छ । त्यस्तै नियुक्ति प्रक्रियाका लागि कुनै शुल्क नलाग्ने र छनोट भएका स्वास्थ्यकर्मीको लागतको शोधभर्ना हुने समझदारीमा उल्लेख छ ।

## लाओसमा...

मानवबेचबिखन अनुसन्धान ब्यूरोले जानकारी दिएको छ ।

पीडत दुई व्यक्ति लाओसमा रहेको नेपाली कन्सुलर कार्यालयको सहयोगमा पाँच महिनापछि गत वैशाखमा छुटेर आएपछि दिएको जाहेरीका आधारमा दुई जनालाई पक्राउ गरी अनुसन्धान थालिएको ब्यूरोका प्रहरी उपरीक्षक कृष्णप्रसाद पङ्गेनीले जानकारी दिए । उक्त घटनामा संलग्न रहेको आरोपमा ब्यूरोले कालिकोट घर भई हाल काठमाडौंको नागर्जुन बस्ने वर्ष २५ का पदम नेपाली र नुवाकोट घर भई गोकर्णेश्वर बस्ने ३८ वर्षका श्यामकुमार तामाङलाई पक्राउ गरेको छ । उनीहरुविरुद्ध अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान थालिएको ब्यूरोले जानकारी दिएको छ ।

पदम नेपाली भने लाओस, कम्बोडिया, म्यानारलगायतका देशमा चाइनिज भाषाको ट्रान्सलेटरको रुपमा काम गर्दै आएको र सोही क्रममा चाइनिजसँग मिलेर उक्त अवैध कारोबारमा संलग्न रहेको पाइएको छ । उनले युवाहरुलाई आकर्षक रोजगारी पाइने लोभ देखाएर लाओस पुऱ्याएको खुल्न आएको छ । त्यहाँ पुऱ्याएपछि त्यो गिरोहले फेसबुक, ह्वाट्सएपमा फेक आइडी बनाएर अपरिचित व्यक्तिहरुसँग चिनजान गरी मन जितेर उनीहरुलाई फसाउन परिचालन गर्ने गरेका पाइएको छ ।

नेपाल, थाइल्याण्ड, भियतनाम, म्यानमार, लाओस दुबईजस्ता देशमा चिनियाँ कम्पनीले नेपाललगायतका देशबाट आकर्षक रोजगारीको लोभ देखाइ बेरोजगार युवाहरुलाई प्रयोग गरेर अनलाइन स्क्यामिङमार्फत विशेष गरी अमेरिका, युरोपका नागरिकलाई लक्षित गरी ठगी गर्ने गरेका थिए । पीडितलाई उनीहरुले नेपालबाट लाओस पुऱ्याउनका लागि लागेको आठ लाख फिर्ता गरेपछि मात्र नेपाल फर्काउने भनेर मानसिक यातना दिएको पाइएको र यसमा चिनियाँ र नेपालीको संलगनता रहेको ब्यूरोले जनाएको छ ।

# अवैध नदीजन्य पदार्थ उत्खनन गर्ने सवारी साधन नियन्त्रणमा

**रौटहट/मस–** बागमती नदीमा अवैधरुपमा नदीजन्य पदार्थ उत्खनन गर्दै गरेका सवारी साधनलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

गढीमाई नगरपालिका-६ धर्मपुरमा बागमती नदीबाट अवैधरुपमा बालुवा उत्खनन गरिरहेको अवस्थामा सवारी साधनलाई प्रहरीले नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बल, नेपाल नं. ११ गण हे.क्वा. रौतहटका प्रमुख माधव रेग्मीले बताए । सुरक्षा बेश समनपुरबाट खटिएको टोलीले बा३ क १८५८ नम्बरको जेसीबी, ना५ त १८९६ र एउटा नम्बर नखुलेको ट्याक्टरसहित ३ वटा सवारी साधन नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि जिल्ला समन्वय समितिको कार्यालय गौर रौतहटमा बुझाइएको सशस्त्र प्रहरी उपरीक्षक रेग्मीले बताए । सरकारले नदी जन्य पदार्थ उत्खननमा असार १ गतेदेखि कात्तिक मसान्तसम्म रोक लगाएको छ ।

### अवैध सामान बरामद

रौतहटको सीमा क्षेत्रबाट भन्सार छली गरी ल्याइएको एक लाख ९५ हजार ९ सय ७० रुपैयाँ मूल्य बराबरको समान प्रहरीले नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरी बल, नेपाल नं. ११ गण हे.क्वा. रौतहट प्रमुख माधव रेग्मीले दिएको जानकारीअनुसार सुरक्षा बेश लक्ष्मिनियाबाट खटिएको गस्ती टोलीले रौतहट मौलापुर-२ चिर्चियामा अवैधरुपमा भन्सार छली साइकलमा ल्याउँदै गरेको कस्मेटिक र लत्ताकपडाहरु बरामद गरेको हो ।

JORDAN मा वैदेशिक रोजगारको अवसर

कम्पनी : OPTIONS FOR MANPOWER RECRUITMENTS शहर: AMMAN
पूर्व स्वीकृत मिति: २०७८/०७/२९ चलानी नं.: ६०१६७५८६ LT. No.: 250582 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | House Maid (Female) | 0 | 26 | स. काममा दक्ष | 300 | ३९,२९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० असार १५ गते (30 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

CROWN OVERSEAS
CONSULTANCY PVT. LTD.
Gov. License No.: 225/058/059
Chhetra Bikram Marga, Kathmandu I Ph.: 01-4002596,4002680/65
Email: pradhancrown@gmail.com

# बाबुराम भट्टराईको एक्लै हिंड्ने बानी छ : उपेन्द्र यादव

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ असार




जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले आफ्नै देशका नागरिकलाई नागरिकता नदिनु अवैधानिक कार्य रहेको बताएका छन् । आगामी असार १०, ११ र १२ गते हुने पार्टीको प्रथम विधान अधिवेशनबारे जानकारी दिन पार्टी कार्यालय बालकुमारीमा आयोजना गरिएको पत्रकार सम्मेलनमा अध्यक्ष यादवले आफ्नै देशका नगरिकले नागरिकताका लागि संघर्ष गरिरहनु सकारात्मक नभएको जिकिर गरे ।

यादवले नेपाल समाजवादी पार्टी (नेसपा)का अध्यक्ष डा. बाबुराम भट्टराईलाई एक्लै हिँड्न बानी परेको टिप्पणी गरे । बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी (नेसपा) मोर्चामा छुटेको विषयमा सोधिएको प्रश्नमा उनले मोर्चा बनाउन झण्डै एक वर्षदेखि भएको छलफलमा भट्टराईलाई कहिल्यै नदेखेको बताउँदै छुटेर ठिकै भएको बताए ।

उनले जसपा सदैव पार्टी एकताका लागि पनि तयार रहेको स्पष्ट पारे । उनले भने, 'एकता गर्न चाहने पार्टीलाई हामी स्वागत गर्छौं ।' यादवले विगतमा भएका जनआन्दोलन, सशस्त्र विद्रोह, मधेश विद्रोहको परिणाम संघीय लोकतन्त्रका रुपमा प्रस्तुत भएता पनि ती एकतावादी चिन्तनका अवशेषहरु मानिसको मानसपटलमा जीवित रहेका कारण जनतामा नैराश्यता पैदा भएको बताए । त्यसकै कारण जनत लोकतन्त्र र गणतन्द्रविरुद्ध उत्रेको उनको भनाइ छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रलाई कार्यान्वयन गर्नका लागि पार्टीले समाजवादी मोर्चा घोषण गरेको उनले जानकारी दिए । उनले भने, 'संघीय एकता कायम गर्नु, मधेसी समुदायका समस्या समाधान गर्नु, दलित, आदिवासी, सिमानकृत वर्ग, बहिष्करणमा पारिएका समुदायको पहिचान र उनीहरुको प्रतिनिधित्व गर्ने र साझेदारी र भागीदारी जस्ता विषयलाई सम्बोधन गर्दै मुलुकलाई राजनीतिक, आर्थिक तरिकाले अगाडि बढाउनु लक्ष्य हो । जसपाले सुशासन, आर्थिक विकास र समृद्धि, समानता, स्वतन्त्रता, न्यायमा आधारित विभेदरहित समाजको निर्माण गर्नका लागि समाजवादी मोर्चा घोषणा गरेका हो ।'

अब मोर्चामार्फत नै विगतका कमी कमजोरीलाई सच्याउँदै, सुशासन, स्थिरताका साथै राष्ट्रिय मुद्दाहरुलाई सम्बोधन गर्दै मुलुकलाई अग्रगामी निकास दिने अध्यक्ष यादवको भनाइ छ ।

# 'कर तिर्ने सहज वातावरण हुनुपर्छ'

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ७ असार




करदाता सेवा कार्यालय गौर रौतहटको आयोजनामा बौधीमाई नगरपालिकामा करदाता शिक्षा कार्यक्रम सम्पन्न भएको छ । वर्तमान करको व्यवस्था तथा आर्थिक विधेयक २०८० मा भएका छुट सहुलियत, करको सामान्य जानकारी, आयकर इटिडिएसको फाइदा,बजार अनुगमन, टिडिएस,जरिवाना र ब्याजहरू लगायतको बारेमा छलफल भएको थियो ।

'स्वेच्छिक कर सहभागीतामा अभिवृद्धि, सुशासन,विकास र समृद्धि' भन्ने मूल नाराका साथ भएको करदाता शिक्षा करदाता सेवा कार्यालय रौतहटका प्रमुख पप्पु गुप्ताको अध्यक्षतामा भएको थियो । कार्यक्रममा करदाता कार्यालयका कर्मचारी प्रमोद कुमार सिंहले सहजीकरण गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि नगरप्रमुख प्रदिप यादवले करको नाउँमा व्यापारीहरूलाई दुःख दिन नमिल्ने बताए । कर कार्यालयबाट बजार अनुगमन आउँदा स्थानीय सरकारसँग समन्वय गरेर अनुगमन गर्न आग्रह गर्दै उनले व्यापारीहरूलाई मूल धारमा ल्याउन स्थानीय सरकारबाट हुन सक्ने सहयोग गर्न तयार रहेको बताए ।

नगर प्रमुख यादवले राष्ट्रको विकासमा करको योगदान रहेकाले सबै आ-आफ्नो ठाउँबाट कर तिर्नुपर्ने बताए । व्यवसायीहरूले पनि समयमा कर तिर्नुपर्ने र करको नियमको पालना गर्नुपर्ने, सबैलाई करको दायरमा ल्याएर राज्यलाई समृद्धिको यात्रामा सफल पार्नुपर्ने नगर प्रमुख यादवको भनाइ छ । साथै उपप्रमुख प्रमिला देवीले करको नियम परिधिभित्र रहेर व्यापारीहरुलाइ काम गर्नुपर्नेमा जोड दिइन् ।

उद्योग वाणिज्य संघ रौतहटका अध्यक्ष पण्डित प्रसाद जयसवालले करदाता शिक्षा कार्यक्रमलाइ चेतावनीको रुपमा लिन आग्रह गरे । उनले भने, 'राज्यलाई कर तिर्नै पर्छ । करले नै राज्य चल्छ । त्यसैले हामी आफ्नो जिम्मेवारीबाट पछि हट्नुहुँदैन् । सरकारको तर्फबाट पनि व्यापारीहरुले पाउने सेवा सुविधा दिनुपर्दछ । व्यापारीहरुले सोचेर सम्झेर व्यवसाय गरौं ।' व्यवस्थित रूपमा व्यवसाय गर्ने बानी बसाल्न उनले आग्रह पनि गरे । उनले कर तिर्ने सहज वातावरणको सिर्जना गरी करदाताको सम्मान हुनुपर्ने बताए ।

# 'विपद्सम्बन्धी योजना बने पूर्वतयारी गर्न सहज हुन्छ'




**जोगिन्द्र मल्ल/मध्यान्ह**
प्युठान, ७ असार

प्युठानको गौमुखी गाउँपालिकाको आयोजनामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणसम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न भएको छ । कार्यशालामा विपद्लाई कसरी न्यूनीकरण गर्न सकिन्छ भनेर ८ वटा कलस्टरको विषयमा समीक्षा गरिएको थियो । तत्काल उद्धार, राहत र पुनर्स्थापनालगायतको क्षेत्रमा चासो दिनुपर्ने सहभागीहरुको भनाइ थियो ।

कार्यशाला गोष्ठीमा प्युठानका प्रमुख जिल्ला अधिकारी मदन कोइरालाले गाउँपालिकास्तरमा विपद्बाट हुने समस्या समाधानका लागि स्थानीयहरु तत्काल उद्धारमा लाग्नुपर्ने तथा विपद्सम्बन्धी योजना बनेमा पूर्वतयारी गर्न सहज हुने बताए ।

त्यसैगरी प्रमुख अतिथि जिल्ला समन्वय समिति प्युठानका उपप्रमुख दुर्गा रेग्मीले विपद् जतिबेला पनि आउन सक्ने भएकाले गौमुखी गाउँपालिकाले राम्रो कामको शुरुवात गरेको बताइन् । उनले प्रायःजसो गौमुखीमा चट्याङ, बाढी, पहिरो र आगलागीको जोखिम रहेकाले विपद् प्रतिकार्य योजना आवश्यक रहेको बताइन् ।

कार्यक्रमको समापन गर्दै गौमुखी गाउँपालिका अध्यक्ष विष्णुकुमार गिरीले विपद् प्रतिकार्य योजना निर्माण भइसकेपछि काम गर्न सहज हुने र विपद्का बेला सबैले हातेमालो सहकार्य समन्वय र सहयोग गर्नुपर्ने बताए ।

कार्यशाला गोष्ठीको सहजीकरण विपद् पूर्वव्यवस्थापन तथा प्रतिकार्य योजना निर्माणका विज्ञ तथा पत्रकार महासंघ प्युठानका अध्यक्ष सञ्जय रिजालले गरेका थिए भने गोष्ठीको सञ्चालन केशव केसीले गरेका थिए ।

# ईशनाथ नगरको बजेट ५० करोड




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहत, ७ असार

रौतहटको ईशनाथ नगरपालिकाको सातौं नगरसभा सम्पन्न भएको छ । 'शिक्षा स्वास्थ्य कृषि रोजगार ईशनाथको शान, स्वच्छ हाराभारा समृद्धिको आधार' भन्ने मूलनाराका साथ नगर सभा सम्पन्न भएको हो ।

५० करोडको ६९ हजार बजेटसहित नगर प्रमुख कौशलिया देवीले आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गरेकी थिइन् ।

प्रस्तुत संशोधित बजेट, कार्यक्रम नीति तथा योजनाहरु पारित गरिएको छ । नगर सभामा नगरउपप्रमुख मो.प्रवेज आलम, प्रमुख प्रशासकीय अधिकृत भुदेव झा, मधेस प्रदेशका वन तथा वातावरण मन्त्री रमेश प्रसाद कुर्मीसहित सबै वडाका वडाअध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य, नागरिक समाजका प्रतिनिधि, कर्मचारी, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो ।


## आवश्यक कागजात हराएको सूचना

म रघुनाथ जोशीको नाममा रहेको पेन्सन पट्टा (निवृत्तिभरण) नम्बर २०१०५३८ को पट्टा पाँच वर्ष अगाडि राष्ट्रिय वाणिज्य बैंक महेन्द्रनगर कञ्चनपुरबाट पेन्सन झिकी घर भिमदत्त नगरपालिका वडा नं. ७ खैरानी जाने क्रममा हराएकोले फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय तथा निम्न लिखित नम्बरमा जानकारी गराइदिनुहुन विनम्र अनुरोध गर्दछु ।

**रघुनाथ जोशी**
**९७६९५३१६६७**

नेपाल सरकार
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०६४/०८/०३ मा दर्ता भएको **प्रा.लि. नं. ४९१४४** को **हडसन ओभरसिज ट्रेड प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०३/११ मा दर्ता भएको **प्रा.लि. नं. १७०२११/०७३/०७४** को **मेगा इन्डष्ट्रियल अटोमेशन नेपाल प्रा.लि.** को मिति २०८०/०१/१५ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०३/०८**

**एग्रोमाटो कृषि प्रा.लि.** को मिति २०८०/०३/०२ गते मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ग्रिन हाउस कन्सल्टेन्ट प्रा.लि. (प्रा.लि. नं.: २४३४७६)** कायम गर्ने गरी मिति २०८०/०३/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## कुवेत, कतार र ओमानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **DASMAN DELIVERY** — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०३/०७ — चलानी नं.: ६०२०३४७९ — LT. No.:288207

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 24 | 0 | स. काममा दक्ष | 140 | ५९,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **IK Cleaning Hospitality & Services** — शहरः Qatar, Doha
पूर्व स्वीकृत मितिः २०८०/०३/०७ — चलानी नं.: ६०२०३४८० — LT. No.:288198

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Worker | 0 | 3 | स. काममा दक्ष | 1000 | ३५,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : **AL KOUR SHOPPING CENTER LLC** — शहरः Oman
पूर्व स्वीकृत मितिः २०८०/०३/०७ — चलानी नं.: ६०२०३५२१ — LT. No.: 288258

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५१,१४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Arabic Coffee Maker | 2 | 0 | | 150 | ५१,१४३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०७९ असार १५ गते (30 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कम्पनी नं. १ रु. १०,०००/- कम्पनी २ र ३ निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**H.M.T. Overseas Pvt. Ltd.** Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301 | Mob.: 9803515104,9816332223,9808466028, 9869317171, 9862504026, 9816731487, 9828588725, 9823645075



## CYPRUS मा रोजगार

कम्पनीःIST IMMIGRATION CONSULTANCY LTD. — शहरः NICOSIA
पुर्व स्वीकृत मितिः २०७९/०४/२९ — चलानी नं.: ६०१८५४३० — L.T. No.: 269694 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker/Labourer | 2 | 0 | स. काममा दक्ष | 450 | ६४,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० असार १५ गते (30 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ५५,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**KATHMANDU INTERNATIONAL INCORPORATE PVT. LTD.** Gov. Lic No. 441/060/61
TOKHA 10, SAMAKHUSHI, Kathmandu
Tel: +977-1-496117, 4952265, E-mail: kiimanpowernepal@gmail.com, info@kii.com.np
Mobile : 9742475461 /Web: www.kii.com.np



## UAE मा रोजगारको अवसर

कम्पनीः AL SARH RECRUITMENT — शहरःABU DHABI
पूर्व स्वीकृत मितिः २०८०/०३/०७ — चलानी नं.: ६०२०३४९२ — L.T. No.:288185

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Laborer | 150 | 0 | स. काममा दक्ष | 800 | २८,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः **DISCOVERY EMPLOYMENT LLC** — शहरः UAE
पूर्व स्वीकृत मितिः २०७९/१२/०२ — चलानी नं.: ६०१९८१३३ — L.T. No.:282716 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,७९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 20 | 0 | | 1200 | ४२,७९२ | | | | | | | |
| 3. | Steel Fixer | 10 | 0 | | 1200 | ४२,७९२ | | | | | | | |

३. कम्पनीः **TAMAYAZ EMPLOYMENT SERVICES** — शहरःABU DHABI
पूर्व स्वीकृत मितिः २०७९/११/०२ — चलानी नं.: ६०१९६५२३ — L.T. No.:281044

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter Assistant | 50 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,०९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Reinforce Fitter Assistant | 45 | 0 | | 900 | ३२,०९४ | | | | | | | |

## साउदीमा रोजगार

कम्पनीः **BUILDING DESTINATIONS FOR GEN. CONT. EST** — शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०८०/०२/२५ — चलानी नं.: ६०२०२८७४ — L.T. No.:287536 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 99 | 0 | स. काममा दक्ष | 1000 | ३४,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार ७ गते (22 June 2023) मा हुनेछ ।**

